मिति: २०८२/०४/३० गतेको नगर कार्यपालिकाका बैठकका निर्णयहरु

## निर्णय नं. १

सैनामैना नगरपालिका अन्तर्गत सञ्चालित सैनामैना पर्रोहा परमेश्वर माध्यमिक विद्यालयको च.नं. १५४ मिति ३०८२/०३/११ गतेको प्राप्त पत्र अनुसार श्री सैनामैना पर्रोहा परमेश्वर माध्यमिक विद्यालयकले दिवा सत्रमा कक्षा ११ र १२ मा कानून तर्फ विषय थप गर्न अनुमति माग गरेको र उक्त विषय थप गरी सञ्चालन गर्न आवश्यक भौतिक एवं शैक्षिक पूर्वाधार तयार गरेकोले यस नगरपालिकालाई थप आर्थिक दायित्व सिर्जना नहुने गरी यसै सत्र २०८२ देखि कानून विषय थप गरी सञ्चालन गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

## निर्णय नं. २

लुम्बिनी आयुर्वेद चिकित्सालयको च.नं. ६ मिति २०८२/०४/०५ गतेको प्राप्त पत्रानुसार यस सैनामैना नगरपालिका वडा नं. ८ मा सञ्चालित नागरिक आरोग्य केन्द्र सञ्चालनको लागि संघीय सरकारबाट सशर्त अनुदान तर्फ बजेट विनियोजन भइ आएको , यस अघि पनि नगरपालिकाले उक्त केन्द्रको व्यवस्थापन सहयोग गर्दै आएको , उक्त आरोग्य केन्द्रमा कार्यरत बैद्य कृष्ण प्रसाद न्यौपाने सहित उक्त आरोग्य केन्द्र लुम्बिनी आयुर्वेद चिकित्सालयबाट हस्तान्तरण भइ आएकोले उक्त सैनामैना आरोग्य केन्द्रको स्वामित्व ग्रहण गर्ने र त्यहाँ करार सेवामा कार्यरत वैद्य कृष्ण प्रसाद न्यौपाने सँग २०८२/०४/०१ देखि २०८२ पौष मसान्त सम्म सेवा करार सम्झौता गर्ने निर्णय गरियो ।

## निर्णय नं. ३

सैनामैना नगरपालिकामा आ.व. २०८२/०८३ मा तपसिलका करदाताहरुबाट बार्षिक कर जम्मा गर्दा सुत्रमा भएको समस्याको कारण दोहोरो भुक्तानी गरेकोले त्यस्ता करदाताको तपसिलको रकम फिर्ता गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | करदाताको नामथर | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | थमनारायण तिवारी सैनामैना १ | १०८४५। | |
| २ | केशवराज अर्याल सैनामैना ३ | ७६६।८० | |
| | जम्मा रु | ११६११।८० | |

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner

मितिः २०८२/०४/३० गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

सैनामैना नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३

### निर्णय नं. ४

नगरभित्र सञ्चालित सबै स्वास्थ्य केन्द्रहरुको नाममा एकरुपता कायम हुने गरी सैनामैना ७ मा सञ्चालित शहरी स्वास्थ्य केन्द्रको नाम परिवर्तन गरी आधारभुत स्वास्थ्य सेवा केन्द्र सैनामैना ७ रुपन्देही राख्ने निर्णय गरियो ।

### निर्णय नं. ५

सैनामैना नगरपालिका वडा नं. २ मा सञ्चालित लिटिल बर्डस् ईङ्गलिस स्कूलको च.नं. १५७ मिति २०८२/०३/१७ गतेको प्राप्त पत्र अनुसार उक्त विद्यालयले ११ र १२ कक्षा सञ्चालनको अनुमति रद्ध गरी धरौटी फिर्ता माग गरेकोले उक्त विद्यालयको कक्षा ११ र १२ सञ्चालन अनुमति रद्द गरी उक्त विद्यालयको ग्लोवल आइ एम इ बैंकमा रहेको धरौटी रकम फिर्ता गर्न सिफारिस गर्ने निर्णय गरियो ।

### निर्णय नं. ६

सैनामैना नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेको प्रारम्भिक प्रतिवेदन स्वीकृत गरी परामर्शको लागि लुम्बिनी प्रदेश सरकार मुख्य मन्त्री तथा मन्त्रिपरिषद कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

### निर्णय नं. ७

सैनामैना नगरपालिकाका तपसिल बमोजिमका कानून तथा कार्यविधि स्वीकृत गर्ने निर्णय गरियो ।

- क। सैनामैना नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली, २०८२
- ख। सैनामैना नगरपालिकाको भू उपयोग योजना, २०८२
- ग। सैनामैना नगरपालिकाको प्रसुती विदामा वसेका शिक्षकको सट्टामा स्वयम सेवक शिक्षक परिचालन सम्वन्धी कार्यविधि, २०८२
- घ। सैनामैना नगरपालिकाका सामूदायिक विद्यालय शिक्षक तथा विद्यालय कर्मचारी छनौट कार्यविधि, २०८२

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner

मितिः २०८२/०४/३० गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. ८

सैनामैना नगरपालिकाको फोहोरमैला व्यवस्थापनको लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले फोहोरमैला व्यवस्थापन सम्बन्धमा अध्ययन गरी प्रतिवेदन तयार गर्न तपसिलको अध्ययन कार्यदल गठन गर्ने र उक्त कार्यदललाई देहाय बमोजिमका कार्य क्षेत्रगत शर्तभित्र रही पत्र प्राप्त भएको मितिले ३ महिना भित्र प्रतिवेदन पेश गर्न लगाउने निर्णय गरियो ।

१। श्री धनप्रसाद पौडेल वडाध्यक्ष सैनामैना ५ संयोजक
२। श्री भूवन बहादुर क्षेत्री वडाध्यक्ष सैनामैना १ सदस्य
३। श्री राजकुमार चौधरी वडाध्यक्ष सैनामैना ७ सदस्य
४। श्री दुर्गामाया श्रेष्ठ कार्यपालिका सदस्य सदस्य
५। श्री शिवलाल अर्याल बरिष्ठ लेखा अधिकृत सदस्य
६। श्री अरुण खनाल ईन्जिनियर सदस्य
७। श्री रामकुमार भट्टराई प्रशासकीय अधिकृत सदस्य सचिव

कार्यशर्तहरु

१। फोहोरमैला व्यवस्थापन शुल्क वापत बार्षिक रुपमा उठ्न सक्ने रकम र उठ्ने घरधुरी संख्या एकिन गर्ने,

२। फोहोरमैला व्यवस्थापनको लागि बार्षिक रुपमा गर्नुपर्ने खर्चको फेहरिस्त विवरण एकिन गर्ने,,

३। हाल फोहोरमैला व्यवस्थापनको लागि वार्षिक रुपमा गरिएको खर्च र आम्दानीको विस्तृत विवरण एकिन गर्ने,

४। फोहोरमैला विसर्जन गर्ने उपयुक्त क्षेत्र/स्थानहरुको पहिचान गर्ने र सोको उपयुक्तता र आधार प्रस्तुत गर्ने,

५। कार्यदलको स्पष्ट ठहर र राय सहितको प्रतिवेदन पेश गर्ने ।

निर्णय नं. ९

सैनामैना नगरपालिकाको नगर दररेट निर्धारण समितिबाट सिफारिस भई आए बमोजिम आ.व. २०८२/०८३ को लागि नगर दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय प्रमाणित

जीवन अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मितिः २०८२/०४/३० गतेको नगरकार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १०

सैनामैना नगरपालिकाको आ.व. २०८२/०८३ मा भूमिहीन सुकुम्वासी भूमिहीन दलित तथा अव्यवस्थित जग्गा नापजाँच सम्बन्धी कार्ययोजना स्वीकृत गरी उक्त कार्यको लागि सर्वेक्षक ४ जना, अमीन ५ जना, सहायक कम्प्यूटर अपरेटर १ जना र फिल्ड सहायक ५जना गरी जम्मा १५ जना कर्मचारीहरुका लागि तत्काल विज्ञापन गरी सेवा करारमा लिइ काममा लगाउने निर्णय गरियो ।

निर्णय नं. ११

सैनामैना नगरपालिका अन्तर्गत करार सेवामा कार्यरत कर्मचारीहरुले महङ्गी भत्ताको लागि दिएको निवेदन माथि छलफल गर्दा नगरपालिकाको यस बर्ष विनियोजित बजेटले धान्न नसक्ने हुँदा हाललाई करार कर्मचारीलाई माग बमोजिम महङ्गी भत्ता उपलव्ध गराउन नसकिने निर्णय गरियो ।

निर्णय नं. १२

सैनामैना नगरपालिका वडा नं. ३ मा सञ्चालित न्यू एकेडमी ईङ्गलिस वोर्डिङ्ग स्कूलको च.नं. १३० मिति २०८२/०२/१३ को प्राप्त पत्रानुसार उक्त स्कूललाई सैनामैना नगरपालिका वडा नं. २ मा स्थानान्तरणको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

सैनामैना नगरपालिका अन्तर्गत फोहोरमैला व्यवस्थापन केन्द्र सैनामैना फूटवल स्टेडियम र सालझण्डी व्यवसायिक भवनमा खटाइएका तपसिलका कर्मचारीहरुलाई नियमित ज्यालादारीमा राख्ने निर्णय गरियो ।

तपसिल

| | | |
|---|---|---|
| १। | श्री डिल बहादुर गुरुङ्ग | फोहोर व्यवस्थापन केन्द्र |
| २। | श्री रामकुमारी चौधरी | सालझण्डी व्यवसायिक भवन |
| ३। | श्री साजन सुनार | मुर्गिया फूटवल स्टेडियम |

निर्णय प्रमाणित

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मितिः २०८२/०४/३० गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

निर्णय नं. १४

सैनामैना नगर अस्पताल संचालनका लागि विनियोजित रु १००००००० । लाई तपसिल बमोजिम विनियोजन गर्ने निर्णय गरियो । साथै नगर अस्पताल सञ्चालन लगायतको कार्यको लागि तपसिलका पदमा कर्मचारीहरु सेवा करारमा लिने निर्णय गरियो ।

सैनामैना नगर अस्पताल संचालनका लागि नगर कार्यपालिकाबाट विनियोजन गरेको बजेटको बाडफाड

| क्र.सं. | शिर्षक | संख्या | मासिक खर्च | जम्मा रु |
|---|---|---|---|---|
| १ | मेडिकल अधिकृत आठौ तह | १ | ४८७३७ | ५९४८४४ |
| २ | रेडियोग्राफर पाँचौ तह | १ | ३४७३० | ४६१४९० |
| ३ | फार्मेसी सहायक पाँचौ तह | १ | ३४७३० | ४२६७६० |
| ४ | ल्याब टेक्निसियन पाँचौ तह | १ | ३४७३० | ४२६७६० |
| ५ | फार्मेसीको लागि आवश्यक औषधि तथा सर्जिकल सामाग्री व्यवस्थापन | १ | १०००००० | १०००००० |
| ६ | प्रयोगशाला संचालनका लागि केमिकल तथा आवश्यक सामाग्री व्यवस्थापन | १ | १०००००० | १०००००० |
| ७ | पानि विजुली खर्च | १ | १०००००० | १०००००० |
| ८ | प्रयोगशाला, फार्मेसी, प्रशासन तथा ओ.पी.डी. को लागि ए.सी. खरिद तथा जडान | ५ | ५००००० | ५००००० |
| ९ | उपकरण मर्मत तथा जडान | १ | ३००००० | ३००००० |
| १० | कम्प्युटर, सी.सी. टि भी मनिटर खरिद | ५ | ३००००० | ३००००० |
| ११ | इन्भर्टर जडान | १ | २००००० | २००००० |
| १२ | तालिम हल, व्यवस्थापन समिति कक्ष, प्रशासन कक्ष तथा अन्य फाँटको लागि फर्निचर खरिद | १ | ५००००० | ५००००० |

निर्णय प्रमाणित

जीवन शवाली
प्रमुख प्रशासकीय अधिकृत

फणेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

मितिः २०८२/०४/३० गतेको नगर कार्यपालिका बैठकका निर्णयहरु

| | | | | |
|---|---|---|---|---|
| १३ | अस्पताल व्यवस्थापन समिति गठन तथा बैठक | - | २००००० | २००००० |
| १४ | मसलन्द, छपाइ तथा विविध | | ५००००० | ५००००० |
| १५ | एक्सरे मर्मत तथा आवश्यक थप उपकरण | १ | ३००००० | ३००००० |
| १६ | अस्पताल संचालन तथा भैपरी आउने खर्च | १ | २२९०१४६ | २२९०१४६ |
| जम्मा | | | | १०००००00 |

करारमा लिने पदहरु

| क्र.सं. | पदको विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | मेडिकल अधिकृत अधिकृतस्तर आठौं तह | १ | नगर अस्पताल |
| २ | जनस्वास्थ्य अधिकृत अधिकृतस्तर सातौं तह | १ | घर टोलमा स्वास्थ्य प्रबर्द्धन कार्यक्रम |
| ३ | फार्मेसी सहायक सहायक स्तर पाँचौ तह | १ | नगर अस्पताल |
| ४ | मेडिकल ल्याब टेक्निसियन सहायक स्तर पाँचौ तह | १ | नगर अस्पताल |

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

फणीन्द्र प्रसाद शर्मा
नगर प्रमुख